# राष्ट्रिय स्वतन्त्र पार्टी

# वाचा-पत्र र अनुरोध



## बदन कुमार भण्डारी

### प्रतिनिधि सभा सदस्य उम्मेदवार

### क्षेत्र नं. २

### काभ्रेपलाञ्चोक

लोकतन्त्र तथा गणतन्त्र स्थापनाको लागि जहाँनिय राणा शासन, निरंकुश पञ्चायती व्यवस्था, सक्रिय राजतन्त्र र भदौ २३ र २४ मा भएको जेन्जी आन्दोलनमा संलग्न रही संघर्ष गर्दा बलिदानी प्राप्त गर्ने महान शहिदहरु प्रति भाबपूर्ण श्रद्धाञ्जली एंव सम्मान प्रकट गर्दछु ।

राजनीतिक व्यवस्था परिवर्तनका लागि लामो संघर्ष भई संघीय लोकतान्त्रिक गणतन्त्र संविधान सहितको शासन व्यवस्था निर्माण भएता पनि भ्रष्टाचार र कुशासनको कारण नागरिकको जनजीवनमा सारभूत परिणाम हासिल हुन नसकेको कारण आम नागरिकमा असन्तोष पैदा हुन गएको तथ्यमा विवाद छैन । जेन्जी पुस्ताले गरेको आन्दोलनको अभिव्यक्त भावनालाई व्यवहारमा उतार्नु आजको मुख्य कार्यभार हो ।

काभ्रे जिल्ला संघीय राजधानी संग जोडिएको भएता पनि विकास पूर्वाधार निर्माण र मानव विकास सुचाङ्कको आधारमा अपेक्षाकृत रुपमा अगाडी छैन । यस सन्दर्भमा राष्ट्रिय स्वतन्त्र पार्टीको काभ्रे जिल्ला क्षेत्र नं. २ को तर्फबाट आसन्न निर्वाचनमा उम्मेदवारको रुपमा निम्न नीति, कार्यक्रम र वाचाको साथ आम मतदाता समक्ष उपस्थित भएको छु । राष्ट्रिय स्वतन्त्र पार्टीको चुनाब चिन्ह घण्टीमा प्रत्यक्ष र समानुपातीक दुवै तर्फ मतदान गरी अत्याधिक मतले विजयी गराईदिनुहुन हार्दिक अनुरोध गर्दछु ।

## सुशासन र न्याय

- भ्रष्टाचार उन्मुलन र सुशासन कायम गर्न शून्य सहनशीलताको नीति अवलम्बन गरी जेन-जी पुस्ताको मागमा ऐक्यबद्धता ।
- विकास र सार्वजनिक सेवाको लागि सार्वजनिक सुनुवाई गरी ३० दिन भित्र समाधानको पहल ।
- छिटो छरितो न्याय सम्पादनको लागि पहल कदमी ।
- विपन्न/महिला/दलितका लागि निःशुल्क कानुनी सहायता ।

## सडक, यातायात र पूर्वाधार विकास

- मुल सडकहरु ५ वर्ष भित्र कालोपत्रे गरिने ।
- सबै वडा-टोलमा नियमित संचालन हुने सडक पहुँच ।
- सडकको स्तरोन्नती तथा पुल निर्माण ।
- सुरक्षित सार्वजनिक यातायात सुधार योजना

## शिक्षा, स्वास्थ्य

- सार्वजनिक शिक्षाका लागि कुल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत बजेज छुट्याउन पहल गर्ने आधारभूत र माध्यमिक तहसम्म शिक्षा अर्थपूर्ण निःशुल्क गर्ने ।
- माध्यमिक तहको शिक्षा आवासीय गर्ने ।
- गुणस्तरीय प्राविधिक शिक्षालाई प्राथमिकता दिने ।
- नेपालको लागि प्राविधिक विश्वविद्यालय बनाउन जोड दिने ।
- २४ सै घण्टा स्वास्थ्य सेवा सहितको वडा र पालिका अस्पताल ।
- सत-प्रतिशत स्वास्थ्य बीमा पहुँच ।

## पर्यटन विकास

- Eco-Tourism Hub बनाउने ।
- होमस्टे प्रवर्द्धन र तालिम ।
- साहसिक पर्यटन (हाइकिङ/साइकल रुट)
- धार्मिक र सांस्कृतिक पर्यटन प्रवर्द्धन ।

## उद्यम र रोजगार

- रोजगारीको लागि श्रम बैंकको स्थापना गर्ने ।
- Youth Startup Fund बनाउने ।
- विदेशबाट फर्केका युवालाई सीप विकासको प्रयोग ।
- साना तथा मझौला उद्योग प्रवर्द्धन ।
- महिला उद्यमशीलतामा प्राथमिकता ।

## सहरी विकास र स्मार्ट सिटी

- व्यवस्थित शहरी योजना बनाउने ।
- हरित पार्क र खुला स्थान संरक्षण ।
- स्मार्ट सिटी निर्माण गर्ने ।
- ट्राफिक व्यवस्थापनमा व्यापक सुधार ।
- आधुनिक ढंगबाट फोहोरमैला व्यस्थापन ।

## धर्म संस्कृति र सम्पदा संरक्षण र प्रबर्द्धन

- ऐतिहासिक/धार्मिक स्थल संरक्षण कोष ।
- सांस्कृतिक महोत्सव प्रवर्द्धन ।
- स्थानीय कला र परम्परा संरक्षण ।
- मठ–मन्दिर/गुम्बा मर्मत ।

## महिला, बालबालिका, युवा तथा ज्येष्ठ नागरिकका हित र सरोकार

- महिला सुरक्षा र नेतृत्व तालिम
- बालमैत्री स्थानीय सेवा केन्द्र
- खेल मैदान र युवा क्लब सहयोग
- जेष्ठ नागरिक स्वास्थ्य शिविर
- अपाङ्गता मैत्री सार्वजनिक संरचना

## खानेपानी र सिंचाई

- व्यवस्थित, सर्वसुलभ र स्वच्छ खानेपानीको सुनिश्चितता ।
- एक घर – एक धारा कार्यक्रम संचालन ।
- कृषि योग्य जमिनका लागि पर्याप्त सिँचाई व्यवस्था ।

## कृषि, पशुपालन र ग्रामीण विकास

- कृषि मल, बिउ तथा अन्य सामाग्री व्यवस्थापन ।
- एक वडा – एक विशेष उत्पादन कार्यक्रम ।
- किसान बीमा कार्यक्रम ।
- कृषि उत्पादनको न्यूनतम समर्थन मूल्य निर्धारण ।
- शित भण्डार (Cold Storage) र कृषि बजार व्यवस्थापन ।
- पशुपालन (दुग्ध, कुखुरा, बाखा) प्रवर्द्धन ।
- कृषि आधुनिकरण ।

## थप विषय

- नेपालको संविधान २०७२ को आवश्यक परिमार्जन सहित संरक्षण संबद्धन र कार्यान्वायनमा प्रतिबद्ध रहने ।
- सबै भाषा, धर्म, लिङ्ग जाति वर्ण र धर्म संस्कृतिको जगेर्ना गर्ने ।
- कोरीडोर, खानेपानी, सहरीकरण र गुठी विधेयक सँग सम्बन्धीत समस्याको समाधान गर्ने ।
- उच्च शिक्षा अध्ययनका लागि बिना धितो ऋण उपलब्ध गराउने व्यवस्था मिलाउन पहल गर्ने ।
- सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि र प्रविधिमैत्री विद्यालय बनाउन भूमिका खेल्ने ।
- सबै–पालिकामा कम्तिमा १५ शैयाको अस्पताल निर्माण गर्ने ।
- प्रत्येक प्रहरी चौकीमा अपराधको उजुरी गर्ने कोठामा अडियो भिडियो रेकडिङ्ग अनिवार्य गर्ने ।
- ढुंगाखानी तथा क्रसरहरुलाई व्यवस्थित बनाउने ।
- काभ्रे जिल्लाको सम्पूर्ण खानेपानी आयोजनालाई पूरा गर्ने ।
- काभ्रे जिल्लाको सम्पूर्ण सिँचाई आयोजनाहरुलाई पूरा गर्ने ।
- सेवाग्राहीलाई सरकारी कार्यालयमा हुने अनावश्यक लामो लाईन र झन्झटलाई मुक्त गर्ने ।
- बिपन्न परिवारलाई खाद्यान्न, बिजुली इन्टरनेटमा भारी छुटको व्यवस्था गर्ने ।
- कृषकलाई दुध तथा अन्य कृषि उत्पादनमा बिमा र अनुदानको उचित व्यवस्था मिलाउने ।
- बादर, बदेल लगायत बन्यजन्तुबाट मानव तथा बालीनालीको सुरक्षा तथा संरक्षण गर्ने ।
- जिल्लाका सबै सडकको स्तरोन्नति गरी बाह्रैमहिना सञ्चालन गर्न व्यवस्था मिलाउने ।
- सडक छेउछाउमा हुने व्यवसायलाई व्यवस्थित गर्ने ।
- आवश्यक ठाउँहरुमा पुलहरुको निर्माण गर्ने ।
- भ्रष्टाचारीको सम्पूर्ण चल अचल सम्पत्ती जफत गरी राष्ट्रियकरण गर्ने र भ्रष्टाचारमा संलग्नलाई हदै सम्मको कार्वाही गर्ने ।
- अव्यवस्थित पोल तथा तार हटाई कालो तार र फलामे पोलको व्यवस्था मिलाउने ।
- अनौपचारिक क्षेत्रका श्रमिकहरुका लागि सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गर्ने ।
- कृषिमा बिचौलियापनको अन्त्य गर्ने ।
- भूमिहीन तथा सुकुम्बासी अव्यवस्थित बसोबासको समस्या समाधान गर्ने ।
- स्थानीय सरकारहरुसँग सहकार्य गरी भूमि बैंकको स्थापना गर्ने ।
- भूमिको आवश्यकता हुनेलाई भूमि बैंक मार्फत भूमि उपलब्ध गराई कृषि उत्पादनलाई टेवा पुऱ्याउने ।
- काभ्रे जिल्लाका प्रमुख सहरका मुख्य चोकहरुलाई फ्रि वाईफाई जोन बनाउने ।
- जिल्लाका रेडियो, टेलिभिजन र पत्रपत्रिकाहरुको संस्थागत विकासमा योगदान गर्ने ।
- विभिन्न जातीय संस्कृति, इतिहास, पहिचान, ऐतिहासिक भवन, पुरातात्विक सम्पदा, जात्रा, रीतिरिवाजलाई जीवन्त बनाउने ।
- लालपुर्जा विहिन नागरिकलाई जग्गाधनी पुर्जा वितरणको व्यवस्था गर्ने ।
- सडक बिस्तारको क्रममा नीतिगत व्यवस्था मिलाई मुअब्जा वितरणको लागि पहल गर्ने ।
- जलविद्युत आयोजना र प्रसारण लाइन क्षेत्रमा नियमसंगत मुअब्जा तथा क्षतिपूर्ति वितरण गर्ने ।
- पर्यटन क्षेत्रलाई प्राथमिकता दिई सम्भाब्यता बोकेको स्थानमा पर्यटकीय गन्तब्यको बिकाश गर्ने ।
- जडिबुटीहरुलाई खोज, अनुसन्धान, प्रोत्साहन र उत्पादन गरी बजारीकरण गर्ने ।

अन्त्यमा तपाईहरु संग निरन्तर खबरदारीको आशा राख्दछु, एकपटक सेवा गर्ने मौका दिनुहोस् अनि मूल्याङ्कन गर्नुहोस् । यसर्थः यहाँहरुको अमूल्य मत घण्टी चुनाव चिन्हमा प्रदान गर्नुहुन बिनम्र अनुरोध गर्दछु ।

.....................

बदन कुमार भण्डारी